जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक ११५ २०७९ साल मंसिर १६ गते शुक्रबार (2 Dec. 2022 Friday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

**डेंगीबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

यस अंक भित्र : २ पृष्ठमा : प्रतिनिधिसभा सदस्यमा १९ प्रतिशत.. ३ पृष्ठमा : नाइजेरियाका ६० लाख ... ३ पृष्ठमा समानुपातिक निर्वाचनतर्फ एमालेको.

## उपचार खर्च नपुग्दा दुई नाबालक अस्पतालमा



११ वर्षिय अजय मण्डल



१४ वर्षिय पारस सदा

**दैनिक समाचारदाता**
**राजविराज, १५ मंसिर ।**

सप्तरीको रुपनी गाउँपालिका ५ बसबिटीस्थित दलित टोलका १४ वर्षिय पारस सदा र अग्निसाइर कृष्णासवरण गाउँपालिका २ का ११ वर्षिय अजय मण्डल रकमको अभावमा उपचारका लागि छटपटाइरहेका छन् ।

पेटको भित्री घाउँले बिरामी परेका पारस विगत १० दिनदेखी राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा भर्ना छन् । यस्तै मेनेन्जाइटिस रोगले ग्रस्त अजय २९ दिनदेखी स्थानिय छिन्नमस्ता अस्पतालमा भर्ना छन् ।

अतिविपन्न परिवारका पारसको आमा बुबाको केही वर्षअघि मात्र निधन भएको हो । उनको १३ वर्षिया बहिनी ताराले स्याहार सुसार गरिरहेका छन् ।

अभिभावकबिहीन उनले दाजुको जिवन रक्षाका लागि सहयोग जुटाइदिन सबैसँग आग्रह गरेकी छिन् । यता अजयको बुबाको पनि निधन भएको ८ वर्ष बितिसक्यो । उनको आमा नर्मता जिवितै रहेपनि पतिवियोगमा मानसिक सन्तुलन गुमाएर गाउँघरमै भौतारिदै हिड्ने गरेकी छिमेकी मिलन चौधरीले सुनाए ।

अजयको उपचारमा सहयोगका लागि पहल थालेका उनले हालसम्मको उपचारमा ३ लाख ५० हजार औषधी वापतनै खर्च भएको बताए । उनले अस्पताल परिसरमै संचालनमा रहेको औषधी पसलबाट उधारो लिएको औषधीको मात्रै ३ लाख ५० हजार रुँपैया बुझाउन बाँकी नै रहेको बताए ।

चिकित्सकले अजयको स्वास्थ्य अवस्थामा सुधार आउन अझ केही समय लाग्ने बताएको छ । यसैबीच रुपनी गाउँपालिका ५ का वडा अध्यक्ष गंगाराम यादवले पारसको उपचारका लागि ४ हजार रुँपैया नगद सहयोग गरेको उनका आफन्तले जनाएको छ ।

## पत्रकार सर्राफको निधनप्रति आमसंचार प्राधिकरण स्तब्ध

**दैनिक समाचारदाता**
**राजविराज, १५ मंसिर ।**



मधेश प्रदेश आमसंचार प्राधिकरणले पर्सा जिल्लालाई कार्यक्षेत्र बनाएर पत्रकारिता गर्दै आएका नेपाल पत्रकार महासंघ पर्सा शाखाका कार्यसमिति सदस्य नरेश सर्राफको निधप्रति स्तब्ध भएको जनाएको छ ।

प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादवद्वारा बिहीबार जारि एक विज्ञप्तिमा ३७ वर्षको अल्पआयुमै सर्राफको बिहीबार ह्दयघातका कारण निधन भएको दुःखद् खबरले स्तब्ध भएको उल्लेख छ ।

विज्ञप्तिमा उनको निधनले पर्सा जिल्ला मात्र नभई मधेश प्रदेशले एक होनहार एवम् उर्जावान युवा पत्रकार गुमाएको जनाउँदै पत्रकारिताको माध्यमले समग्र मधेश प्रदेश र देशका लागि उनले पुऱ्याएका योगदान अविस्मरणीय रहने उल्लेख छ ।

वीरगञ्ज महानरपालिका वडा नम्बर २ निवासी उनी राष्ट्र सन्देश मिडिया प्रा.लि.का अध्यक्षको जिम्मेवारीमा रही राष्ट्र सन्देश डट्कम् नामक समाचारमूलक अनलाइन सञ्चालन गर्दैआएका थिए । विगत एक दशकदेखि पत्रकारिता पेशामा आवद्ध उनी सगरमाथा टेलिभिजनका सम्वाददाता समेत रहेका थिए ।

## अवैध माछासहित मोटरसाइकल नियन्त्रणमा

**दैनिक समाचारदाता**
**राजविराज, १५ मंसिर ।**

सप्तरी जिल्लाको विभिन्न हाट बजारमा भारतबाट अवैध रुपमा माछा ल्याई बिक्रि गर्ने क्रम बढेपछि प्रहरीले नाकामा कडाई गर्नुका साथै त्यस्ता अवैध माछा नियन्त्रणमा लिएको छ ।

बिहीबार प्रहरीले भन्सार छलेर अवैध रुपमा भित्राइएका माछा र तस्करीका लागि प्रयोग गरिएका मोटरसाइकल नियन्त्रणमा लिएको छ ।

जिल्लाको डाक्नेश्वरी नगरपालिका ४ स्थित सडकखण्डमा चेकजाचको क्रममा बा.२४ प. १९७६ नम्बरको मोटरसाइकलमा भारतबाट भन्सार छलि ल्याइएका माछासहित उक्त

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व एड्स दिवसमा ऱ्याली तथा अन्तरक्रिया




**दैनिक समाचारदाता**
**राजविराज, १५ मंसिर ।**

लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत विश्व एड्स दिवसको अवसरमा राजविराजमा ऱ्याली निकाल्दै विभिन्न कार्यक्रम गरिएको छ ।

आयोजित कार्यक्रमका वक्ताहरुले एड्सको महामारीलाई अन्त हुन नदिने असमानता र विभेदलाई अन्त गर्न जरुरी रहेको बताएका छन् ।

राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परविनले हिंसा र रोग लुकाउन नहुने भन्दै हिंसा, यौन स्वास्थ्य अनि प्रजनन अधिकार एवं प्रजनन् स्वास्थ्यका कुराहरू खुलेर गर्न आव्हान समेत गरिन् ।

सहयोगी समाजका कार्यक्रम संयोजक प्रदिप लामिछानेको अध्यक्षता आयोजित कार्यक्रममा जिल्ला स्वास्थ्य कार्यालय सप्तरीका डम्बर यादव, इन्सेक प्रतिनिधि मनोहर पोखरेल, गजेन्द्र नारायण सिंह अस्पताल राजविराजकी नर्स सुनिता यादव, प्रहरी निरीक्षक प्रमोद खडका, सामुदायिक सेवा केन्द्रका अध्यक्ष हितानारायण लाल दास, नेपाल पत्रकार महासंघ सप्तरीकी महिला उपाध्यक्ष अम्बिका दाहाल, राजविराज नगरपालिकाकी महिला, बालबालिका, जेष्ठ नागरिक शाखा प्रमुख अनिता चौधरी, स्पर्श नेपालका ललन झा, आदिवासी जनजाति महासंघकी सल्लाहकार प्रिया सिंह थारु लगायतले अपहेलना गर्दा संक्रमितहरु लुकेर बस्ने र उपचार नगर्ने अवस्था सृजना भएकोले सबै मिलेर उपचारात्मकअनि परामर्शात्मक सुविधातर्फ डोऱ्याउनु पर्ने बताए ।

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध बनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

# प्रतिनिधिसभा सदस्यमा १९ प्रतिशत आदिवासी जनजाति निर्वाचित

काठमाडौँ, १५ मङ्सिर (रासस)।

यही मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनपछि हालसम्म १६२ स्थानको मतपरिणाम सार्वजनिक भइसकेको छ। दोखलाका १० मतदान केन्द्रमा बिहीबार पुनः मतदान जारी छ भने स्याङ्जामा मतगणना जारी छ।

हालसम्मको मतपरिणाम अनुसार प्रतिनिधिसभा सदस्यमा निर्वाचित ३१ जना अर्थात् करिब १९ प्रतिशत आदिवासी जनजाति हुनुहुन्छ।

जसअनुसार नेकपा ९एमाले०का तर्फबाट धनकुटा-१ बाट राजेन्द्रकुमार राई, पाँचथर-१ बाट वसन्तकुमार नेम्वाङ, सोलुखुम्बु-१ मा मानवीर राई, खोटाङ-१ मा रामकुमार राई, इलाम-२ बाट सुवास नेम्वाङ, झापा-४ बाट लालप्रसाद साँवा लिम्बू निर्वाचित हुनुभएको छ। साथै, एमालेका तर्फबाट सिराह-३ बाट लिलानाथ श्रेष्ठ, काठमाडौँ-९ बाट कृष्णगोपाल श्रेष्ठ, ललितपुर-२ बाट प्रेमबहादुर महर्जन, कास्की-१ बाट मनबहादुर गुरुङ, लमजुङ-१ बाट पृथ्वीसुब्बा गुरुङ, कञ्चनपुर-१ बाट तारा लामा तामाङ गरी जम्मा १२ जना निर्वाचित हुनुभएको छ।

प्रतिनिधिसभा सदस्यमा आदवासी जनजातिमा नेपाली कांग्रेसका तर्फबाट तेह्रथुम-१ मा सीता गुरुङ, मोरङ-१ मा डिगबहादुर लिम्बू, रामेछाप-१ मा पूर्णबहादुर तामाङ, मनाङ-१ मा टेकबहादुर गुरुङ र मुस्ताङ-१ मा योगेश गौचन थकाली निर्वाचित हुनुभएको छ।

नेकपा (माओवादी केन्द्र) का बाट भोजपुर-१ मा सुदन किराँती, काभ्रेपलाञ्चोक-१ मा सूर्यमान तामाङ (दोङ), नुवाकोट-१ मा हितबहादुर तामाङ, रुकुमपूर्व(१ मा पूर्णबहादुर घर्तीमगर, रोल्पा १ मा वर्षमान पुन, हुम्ला १ मा छिरिङ डम्डुल लामा ९भोटे० निर्वाचित हुनुभएको छ।

त्यसैगरी नेकपा (एकीकृत समाजवादी) का तर्फबाट डोटी-१ मा प्रेमबहादुर आले, बारा-४ मा कृष्णकुमार श्रेष्ठ, डोल्पा-१ मा धनबहादुर बुढा, दैलेख-१ मा अम्मरबहादुर थापा गरी चार जना सदस्य हुनुहुन्छ।

राष्ट्रिय प्रजातन्त्र पार्टीबाट झापा-१ मा राजेन्द्रप्रसाद लिङ्देन र जनता समाजवादी पार्टी, नेपालका तर्फबाट सुनसरी-१ मा अशोककुमार राई निर्वाचिन हुनुभएको निर्वाचन आयोगले जनाएको छ।

राष्ट्रिय स्वतन्त्र पार्टीबाट काठमाडौँ-८ मा विराजभक्त श्रेष्ठ, नागरिक उन्मुक्ति पार्टीबाट कैलाली १ बाट निर्वाचित रञ्जिता श्रेष्ठ पनि आदिवासी जनजाति हुनुहुन्छ।

# संसद्मा महिला र दलितको कमजोर उपस्थिति

काठमाडौँ, १५ मङ्सिर (रासस)।

प्रतिनिधिसभामा महिला र दलित समुदायको उपस्थिति अत्यन्त कमजोर देखिएको छ। एक सय ६५ प्रतिनिधिसभा सदस्यमध्ये हालसम्म एक सय ६१ स्थानको अन्तिम परिणाम सार्वजनिक भइसकेको छ।

प्रतिनिधि सभामा अहिलेसम्मको १६१ सिटमध्ये पाँच प्रतिशत अर्थात् नौ जना मात्रै महिला निर्वाचित भएका छन्। नेपाली कांग्रेसबाट एक, नेकपा (एमाले)बाट चार, नेकपा (माओवादी केन्द्र)बाट एक, राष्ट्रिय स्वतन्त्र पार्टीबाट दुई तथा नागरिक उन्मुक्ति पार्टीबाट एक महिला निर्वाचित भएका छन्।

एमालेबाट कास्की क्षेत्र नं २ बाट नेकपा (एमाले)की केन्द्रीय सदस्य विद्या भट्टराई, धनुषा क्षेत्र नं ३ बाट एमाले पोलिटब्यूरो सदस्य जुलीकुमारी महतो, बारा क्षेत्र नं ३ बाट पार्टी पोलिटब्यूरो सदस्य ज्वालाकुमारी साह र केन्द्रीय सदस्य भगवती चौधरी सुनसरी निर्वाचन क्षेत्र नं ३ बाट निर्वाचित हुनुभएको छ।

दाङ क्षेत्र नम्बर २ बाट नेकपा (माओवादी केन्द्र) की नेत्री रेखा शर्मा निर्वाचित हुनुभएको छ। तेह्रथुमबाट कांग्रेसकी केन्द्रीय सदस्य सीता गुरुङ निर्वाचित हुनुभएको छ। राष्ट्रिय स्वतन्त्र पार्टीबाट डा तोसिमा कार्की र सोविता गौतम निर्वाचित हुनुभएको छ। कार्की ललितपुर क्षेत्र नं ३ र गौतम काठमाडौँ क्षेत्र नं २ बाट निर्वाचित हुनुभएको हो।

नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठ कैलाली क्षेत्र नं १ बाट निर्वाचित हुनुभएको छ। संसद्मा ३३ प्रतिशत महिला अनिवार्य हुनुपर्ने संवैधानिक व्यवस्था छ। दलित समुदायबाट प्रतिनिधित्व गर्ने एकजना मात्रै हुनुहुन्छ। नेकपा (एमाले) का सचिव छविलाल विश्वकर्मा रुपन्देही निर्वाचन क्षेत्र नं १ बाट निर्वाचित हुनुभएको छ।

विसं २०६४ सम्पन्न संविधानसभाको पहिलो निर्वाचनमा छ सय एक जनामध्ये ५१ जना (आठ दशमलव ४८ प्रतिशत) दलितको प्रतिनिधित्व थियो। तीमध्ये तत्कालीन नेकपा ( माओवादी) बाट सात जना प्रत्यक्ष निर्वाचित भएका थिए। विसं २०७० मा भएको संविधानसभाको दोस्रो निर्वाचनमा दलितको प्रतिनिधित्व ५१ बाट घटेर ४१ जना (छ दशमलव ८२ प्रतिशत) मा झर्‍यो। जसमध्ये दुई जना नेकपा (एमाले) बाट प्रत्यक्ष निर्वाचित भएका थिए।

संविधान जारी भएपछिको पहिलो प्रतिनिधिसभाको निर्वाचन, २०७४ मा १९ जना (छ प्रतिशत) दलितको प्रतिनिधित्व भयो। एमालेबाट दुई र माओवादी केन्द्रबाट एक जना प्रत्यक्ष निर्वाचित भएका थिए।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट),
हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734




## विश्व समाचार

### नाइजेरियाका ६० लाख गर्भवती तथा बालबालिकालाई मानवीय सहयाता आवश्यक संयुक्त राष्ट्रसंघ

संयुक्त राष्ट्रसङ्घ, १५ मङ्सिर (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रसङ्घले विगत लामो समयदेखि हिंसा जारी रहेको नाइजेरियाका महिला तथा बालबालिकाका लागि मानवीय सहयताको आवश्यकता रहेको बताएको छ। यहाँका बालबालिका र खासगरी पछिल्लो समयमा गर्भवती महिलामा खाद्यान्न तथा आवश्यक पोषण पुग्न नसकेकोले उनीहरुको अवस्था निकै नै नाजुक रहेको संयुक्त राष्ट्रसङ्घले जनाएको छ। संयुक्त राष्ट्रसङ्घले बुधबार यहाँका कम्तीमा पनि ६० लाख महिला र बालबालिकामा यस्तो समस्या रहेकाले यसका लागि आवश्यक रकम सहयोग गर्नुपर्ने पनि बताएको छ। संयुक्त राष्ट्रसङ्घीय महासचिव एन्टोनियो गुटरेसका प्रमुख प्रवक्ता स्टेफन डुजारिकले नाइजेरियाका हिंसाग्रस्त क्षेत्रहरुका महिला, गर्भवती महिला र बालबालिकाको अवस्था दिन प्रतिदिन नाजुक बन्दै गएको बताउनुभएको छ। उहाँले यहाँका पाँच लाख भन्दा बढी गर्भवतीले आवश्यक पोषणयुक्त खाद्यान्न नै खान नपाएका बताउनुभएको छ।

उनीहरुका साथै बालबालिकाका लागि नाइजेरिया सरकार, विश्वका अन्य देश र दाता संस्थाहरुसँग आवश्यक सहयोग रकमका लागि आग्रह गरिएको प्रमुख प्रवक्ता डुजारिकले बताउनभुयो। विशेषगरी उत्तरी नाइजेरियाली क्षेत्रमा यस वर्षको मनसुनी वर्षाका कारण खेतीयोग्य जमिन पनि नष्ट हुन पुगेको तथा यहाँ हिंसाका कारण समेत नागरिकहरु प्रभावित भएकाले उनीहरुलाई अहिलेका लागि खाद्यान्नकै समस्या उत्पन्न भएको उहाँले बताउनुभयो। सन् २०२२ को मे महिनादेखि नै ती उत्तरी क्षेत्रमा खाद्यान्न अभाव रहेको र यहाँका बालबालिकाले कुपोषणको समस्या झेल्दै आएका पनि उहाँले बताउनुभयो। संयुक्त राष्ट्रसङ्घको विश्व खाद्य कार्यक्रमले केही रकमको व्यवस्था गरी हाललाई यहाँका दश हजार घरपरिवारका मानिसलाई खाद्यान्नको जोहो गरिरहेको भए पनि यो पर्याप्त नरहेकाले थप सहयोग आवश्यक रहेको संयुक्त राष्ट्रसङ्घले जनाएको हो।

### इटालीका कोभिड संक्रमितको अस्पताल भर्ना दर बढ्यो

रोम, १५ मङ्सिर (रासस/सिन्ह्वा)।

इटालीमा पछिल्लो समयमा कोभिड १९ का सङ्क्रमितहरु बढेको बताइएको छ। यसका साथै यहाँका कोभिड सङ्क्रमितहरुको अस्पताल भर्ना हुने दर पनि बढेको पाइएको हो। बुधबार यहाँ सार्वजनिक भएको एक प्रतिवेदनमा पछिल्लो समयमा यहाँ कोभिडका सङ्क्रमितहरु बढेका र यससँगै यहाँ कोभिडबाट सङ्क्रमित भएकाहरु अस्पताल हुने दर पनि बढेको देखिएको छ। यहाँको अस्पतालहरुको संस्था तथा यहाँको स्वास्थ्य विभागका अधिकारीहरुले यस्तो सङ्ख्या बढेको देखाएका हुन्। ती निकायकाअनुसार यहाँ अघिल्लो हप्ताका तुलनामा यस हप्ता १९ प्रतिशतले अस्पताल भर्ना दर बढेको देखिएको हो। यहाँका मानिसहरु अस्पतालको पनि आइसियुमा भर्ना हुने गरेका छन्। यो सङ्ख्या पनि अघिल्लो हप्ताका तुलनामा नौ प्रतिशतले बढेको देखिएको बताइएको छ। यहाँका अस्पतालहरुमा यसरी बृद्धि भएका सङ्क्रमितहरुमध्ये खोप नलगाएका मानिस धेरै रहेका छन्। कोभिडको खोप लगाएका व्यक्तिका तुलनामा नलगाएका मानिस धेरै अस्पताल भर्ना भएका पाइएको र यो सङ्ख्या ३० प्रतिशत रहेको छ। यहाँ कोभिडको खोप लगाएका नागरिकभन्दा खोप नलगाएका नागरिक अस्पताल भर्ना हुने दर ३० प्रतिशत रहेको देखिएको ती स्वास्थ्य संस्था तथा अधिकारीहरुले जनाएका छन्।

### अमेरिकाका पूर्व राष्ट्रपति बिल क्लिन्टनलाई कोभिड-१९ संक्रमण

वासिङ्टन, १५ मङ्सिर (रासस/सिन्ह्वा)।

अमेरिकी पूर्व राष्ट्रपति बिल क्लिन्टनले बुधबार आफूलाई कोभिड-१९ को सङ्क्रमण पुष्टि भएको बताउनु भएको छ। छैहत्तर वर्षीय क्लिन्टनले हल्का लक्षण अनुभव गर्नुभएको तर घरमा आफूलाई व्यस्त राखेको ट्वीटमार्फत बताउनु भएको छ। खोप र बुस्टर मात्रसम्म लगाएका सबैलाई विशेष गरी जाडो मौसममा सर्तक रहन उहाँले आग्रह गर्नुभएको समाचारमा जनाइएको छ।

### अफगानिस्तानको पञ्जशिर प्रान्तम तेह्र लडाकूद्वारा आत्मसमर्पण

काबुल, १५ मङ्सिर (रासस/सिन्ह्वा)।

अफगानिस्तानको पूर्वी भागमा पर्ने पन्जशिर प्रान्तमा १३ जना लडाकूले हतियारसहित स्थानीय अधिकारीसमक्ष आत्मसमर्पण गरेका प्रान्तीय प्रशासनले बिहीबार जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ। लडाई त्यागेर आत्मसमर्पण गर्ने इस्लामिक स्टेट्स (आइएस) समूहका सबैका लागि ढोका खुला रहेको पञ्जशिरमा आयोजित एक स्वागत समारोहमा प्रान्तीय गभर्नर मौलावी मोहम्मद मोहसेन हाशिमीले बताउनु भएको छ। ती १३ जना लडाकू तालिबान प्रशासनविरुद्धको प्रतिरोधी समूहसँग सम्बन्धित रहेका जनाइएको छ।

# तरकारी खेतिको अनुगमन



**दैनिक समाचारदाता**
**राजविराज, १५ मंसिर ।**

सप्तरीको तिलाठी कोइलाडी ७ मंसापुरमा बिहीबार तरकारीबालीको अनुगमन गरिएको छ ।

सेभ द चिल्ड्रेन र सेभ द सप्तरीको सहयोगमा स्थानिय कृषिकहरुले आफनो जीबिका उपार्जन गर्नको लागि गरिएको सामुहकि तरकारी खेतिको अनुगमन गरिएको हो ।

सेभ द चिल्ड्रेनका निर्देशक डा. अजयकान्त सहितका टोलीले सो तरकारी खेतिहरुको अनुगमन गरिएको जनाइएको छ ।

सो क्रममा स्थानिय कृषक समुहहरु संग तरकारी कसरी लगाउने, खेतबालीमा मलखाद्य कसरी दिने, बिउबिजन कसरी छर्ने,कसरी आफै मल बनाएर खेतमा हाल्ने बिषयमा छलफल समेत गरिएको थियो ।

यस्तै गाउँपालिकास्थित लोनियामा बिहीबारै आरती मसाला घरेलु उद्योग सानो मिलको उद्धघाटन गरिएको छ ।

सेभ द चिल्ड्रेन र सेभ द सप्तरीको आर्थिक सहयोगमा तिलाठी कोइलाडी गाउँपालिका वडा नं. २ लोनिया निवासी जिबछ मण्डललाई आयआर्जनका लागि दिएको मसाला पिस्ने आरती मसाला घरेलु उद्योग मेसिनको उद्धघाटन गरिएको हो ।

सेभ द चिल्ड्रेन निर्देशक डा.अजयकान्त, प्रोग्राम म्यानेजर प्रकाश अचार्य र सेभ द सप्तरीका अध्यक्ष ध्रव प्रसाद देवले संयुक्त रुपमा मसाला पिस्ने मेसिनको उद्धघाटन गरेको सेभ द सप्तरीका कृषि प्राबिधिक रामकुमार साहले जानकारी दिए ।

सेभ द सप्तरीले मण्डललाई आफनो परिवारमा आर्थिक स्तर बृद्धि, बालबालिकालाई शिक्षादिक्षामा सहयोग पुग्ने उद्देश्यले मसाल पिस्ने मैसिन दिइएको कृषि प्राबिधिक साहको भनाई छ ।

करिब रु २८ हजार मुल्य बराबरको पाइएको मसाल पिस्ने मैसिनबाट बिभिन्न प्रकारको मसाला पिसेर सानो सानो पोका बनाई गाउँघरमा बिक्रि बितरण गरि आयआर्जन गर्न सकिने जानइएको छ ।

सो उद्धघाटन कार्यक्रममा सेभ द चिल्ड्रेनका टेकनिकल म्यानेजर डा.संतोष कर्ण, सेभ द सप्तरीका सचिव नरेन्द्र यादव, कार्यक्रम संयोजक संतोष यादव, कृषि प्राबिधिक रामकुमार साह, फिल्ड अधिकृत सत्यनारायण थारु, समुदायिक परिचालक कासिन्द्र खंग, साहयक लेखा पाल रुपेश मण्डल लगायत बिभिन्न कर्मचारीहरुको उपस्थित रहेको थियो ।

### *अवैध माछासहित ...*

मोटरसाइकल नियन्त्रणमा लिइएको डिएसपी एवं जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी नरेशकुमार सिंहले जानकारी दिए ।

प्रहरीले चेकजाच गर्न खोज्दा माछा कारोबारी भागेको उनले बताए । बरामद माछा र मोटरसाइकल आवश्यक कारवाही प्रक्रियाका लागि बिहीबार नै तिलाठीस्थित राजविराज भन्सार कार्यालय चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# समानुपातिक निर्वाचनतर्फ एमालेको अग्रता, कांग्रेस दोस्रो स्थानमा

काठमाडौँ, १५ मङ्सिर (रासस) ।

प्रतिनिधिसभाको समानुपातिक निर्वाचनतर्फ एक करोड तीन लाख ४६ हजार आठ सय १७ मत गणना हुँदा नेकपा ( एमाले) अघि देखिएको छ ।

निर्वाचन आयोगले अपराह्न ४:०० बजे सार्वजनिक गरेको मत मरिणामअनुसार २७ लाख ६१ हजार छ सय ४८ मत प्राप्त गरी एमाले सबैभन्दा अघि देखिएको हो ।

प्रतिनिधिसभा सदस्यका लागि प्रत्यक्षतर्फको निर्वाचनमा सबैभन्दा धेरै स्थानमा विजयी नेपाली कांग्रेस २६ लाख ३० हजार एक सय ४१ मत प्राप्त गरी समानुपातिकातर्फ दोस्रो स्थानमा रहेको छ ।

यसैगरी ११ लाख ६० सात सय ८३ मत प्राप्त गरी नेकपा ( माओवादी केन्द्र) तेस्रो र ११ लाख १४ हजार दुई सय ५८ मतसहित राष्ट्रिय स्वतन्त्र पार्टी चौथो स्थानमा रहन सफल भएको छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टी ( राप्रपा) पाँच लाख ८४ हजार नौ सय ६९, जनता समाजवादी पार्टी (जसपा) चार लाख २० हजार सात सय ५० र जनमत पार्टी तीन लाख ९४ हजार एक सय २९ मत प्राप्त गरी थ्रेस होल्ड कटाउन सफल भएका छन् । थ्रेस होल्ड कटाउन समानुपातिक निर्वाचनमा खसेको कूल सदर मतको तीन प्रतिशत ल्याउनु पर्नेछ ।

प्रतिनिधिसभा सदस्यको प्रत्यक्ष निर्वाचनतर्फ १० स्थानमा विजयी नेकपा ( एकीकृत समाजवादी) ले दुई लाख ९३ हजार नौ सय पाँच मत प्राप्त गरेको छ । नागरिक उन्मुक्ति पार्टीले दुई लाख ७१ हजार पाँच सय ६५, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले एक लाख ६७ हजार एक सय २० र नेपाल मजदुर किसान पार्टीले ७५ हजार छब्बीस मत प्राप्त गरको छ । समानुपातिकतर्फको मतगणना करिब अन्तिम चरणमा पुगेको आयोगले जनाएको छ ।

## पत्रकार महासंघको साधारण सभा सम्बन्धी सूचना

नेपाल पत्रकार महासंघको विधान बमोजिम तीन वर्षभित्र आयोजना गर्नुपर्ने साधारण सभा यही मिति २०७९ साल पुस २ गते शनिवारको दिन आयोजना गर्ने निर्णय भएकोले यस शाखाका सम्पूर्ण सदस्यज्यूहरुलाई जानकारी गराईन्छ ।

यसै सूचनालाई आधार मानी तपसिल बमोजिमको स्थानमा उपस्थित भईदिन हुन हार्दिक अनुरोध छ ।

**स्थान** : नेपाल पत्रकार महासंघ शाखा कार्यालय राजविराज
**समय** : बिहान ९ बजेदेखि
**मिति** : २०७९/९/२ गते ।

**रामनारायण विश्वास**
**सचिव**

# अर्थतन्त्र सुधारोन्मुख छ : गभर्नर अधिकारी

काठमाडौँ, १५ मङ्सिर (रासस) ।

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले अर्थतन्त्र सुधारोन्मुख भएको बताउनुभएको छ ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन)को २६औँ वार्षिकोत्सवका अवसरमा बिहीबार यहाँ आयोजित कार्यक्रममा उहाँले विदेशी मुद्रा सञ्चिति बढ्दै गएको र समस्या समाधान भइरहेको बताउनुभयो ।

बजार सुधारका लागि आफूहरु खुला भएको भन्दै उहाँले यसबाट निजी क्षेत्र सशङ्कित हुनुनपर्ने बताउनुभयो । "समस्या समाधानका लागि हामी खुला छौँ", उहाँले भन्नुभयो, "केही समस्या छन् भने समाधानका लागि हामी खुला छौँ ।" गभर्नर अधिकारीले गत वर्ष ८८ अर्ब शोधनान्तर घाटा रहेकामा यस वर्ष छ अर्ब बचत रहेको बताउनुभयो ।

लैङ्गिक हिंसा र दुर्व्यवहारः छैन हामीलाई स्वीकार
आउनुहोस हामी सबै महिला माथी हुने हिंसा विरुद्धको अभियानमा सहभागी बनौं।
घरघरबाट शुरु गरौं, महिला हिंसा अन्त्य गरौं।
२०७९ मंसिर ९ गतेदेखि मंसिर २४ गतेसम्म हुने लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सफल पारौं
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit · City Express Money Transfer · Best Remit · Prabhu Money Transfer · IME International Money Express · himal remit हिमालरेमिट · CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np